# शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १ मितिः २०७९/०४/०८ गते


## भाग-२

# शुक्लाफाँटा नगरपालिका हेबी उपकरण सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९

(नगर कार्यपालिकाबाट पारित मिति २०७९।०४।०५)

**प्रस्तावनाः**

शुक्लाफाँटा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, कञ्चनपुरले खरिद गरेको ब्याकहोलोडर, टिप्पर, टेक्टर, स्काइभेटर, रोलर, ग्रेडर आदि हेवी उपकरणहरु विभिन्न व्यक्ति, समूह, समिति, संस्था र निकायलाई भाडामा उपलब्ध गराउँदा वा नगरपालिकाले आन्तरिक कार्यकालागि प्रयोग गर्दा अवलम्बन गर्नुपर्ने विधि र प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि शुक्लाफाटा नगर कार्यपालिका, कञ्चनपुरले शुक्लाफाटा नगरपालिकाको **"हेबी उपकरण सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९"** तर्जुमा गरी लागु गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

क) यस निर्देशिकाको नाम " **शुक्लाफाटा नगरपालिका हेबी उपकरण सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७९"** रहेको छ ।

ख) यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

## २.परिभाषा :

**बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा**

क) “निर्देशिका” भन्नाले हेबी उपकरण सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७९ बुझ्नु पर्छ ।

ख) “नगरपालिका” भन्नाले शुक्लाफाँटा नगरपालिका बुझ्नु पर्दछ ।

ग) “कार्यालय” भन्नाले शुक्लाफाँटा नगरकार्यपालिकाको कार्यालय, झलारी, कञ्चनपुर बुझ्नुपर्छ ।

घ) “धरौटी” भन्नाले कुनै काम नसकिए सम्म जमानत वापत राखिएको रकमलाई जनाउँछ ।

ङ) हेबी उपकरण वा उपकरण भन्नाले यस नगरपालिकाको स्वामित्वमा रहेका ब्याकहोलोडर, ठुला टिप्पर, सेफ्टीटंकी साफा गर्ने साााधन, ट्याकटर, रोलर, स्काईभेटर, ग्रेडर आदि जनाउने छ ।

च) समिति भन्नाले हेवी उपकरण संचालन तथा व्यव्स्थापन समितिलाई जनाउने छ ।

छ) मेशिन भन्नाले (ङ) अनुसार उल्लेखित उपकरणहरु बुझ्नु पर्ने छ ।

ज) कार्यपालिका भन्नाले शुक्लाफाँटा नगरपालिकाको नगर कार्यपालिका बुझ्नु पर्नेछ ।

## ३.निर्देशिकाको उद्देश्यः

**यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ :**

क) नगरपालिकाको स्वामित्वमा रहेको हेबी उपकरणहरु लाई सदुपयोग गर्न सघाउ पुर्याउने ।

ख) नगरपालिकाको हेबी उपकरणहरु लाई मितव्ययी पारदर्शी तरिकाले सञ्चालन गरी नगरपालिकाको आन्तरिक आम्दानी बृद्धि गर्ने तथा

जनतालाई सुलभ र गुणस्तरीय सेवा दिई नगरपालिका प्रति जनताको अपनत्व बृद्धि गर्ने ।

ग) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तिय कुशलता हासिल गर्न सघाउ पुर्‍याउने ।

घ) नगरपालिकाको संस्थागत क्षमता विकास आयोजना व्यवस्थापन र वित्तिय अनुशासन कायम गर्ने ।

ङ) हेबी उपकरणहरु संचालन तथा व्यवस्थापन समितिलाई उल्लेखित साधनहरु प्रति अझ बढी जिम्मेवार र उत्तरदायी बनाउने ।

च) हेबी उपकरणहरु लाई कुशलता पूर्वक संचालन गरी दिर्घकालिन रुपमा प्रयोगमा ल्याउने ।

छ) अन्तरिक तथा बाह्य प्रयोगमा भएको आमदानी खर्च तथा मर्मतको यथार्थ अवस्था अध्यावधिक गर्ने ।

**४.ब्याकोहो लोडर, टिप्पर र ट्याकटर प्रयोगको क्षेत्र र प्राथमिकताक्रमः**

क) उल्लेखित हेबी उपकरणहरु दैवी प्रकोप, फोहरमैला व्यवस्थापन, सामाग्री ढुवानी तथा विकास निर्माण सम्बन्धी कार्यका साथै तोकिएको भाडादरमा समेत प्रयोग गरिनेछ ।

ख) नगरपालिकाको स्वामित्वमा रहेको हेबी उपकरणहरु प्रयोग गर्न उपलब्ध गराउँदा देहायको प्राथमिकता बमोजिम गरिनेछ ।

अ) दैवी प्रकोप उद्धारको कार्य, नगरपालिकाको आन्तरिक कार्यहरु ।

आ) नगरक्षेत्रमा नगरपालिकाबाट संचालन भएका विकासका आयोजनाहरुको कार्य,

इ) नगर क्षेत्रमा उपभोक्ता समितिबाट कार्यान्वयन गरिएका विकास आयोजनाको कार्य (तोकिएको भाडादरमा)

ई) नगरपालिका क्षेत्रभित्र सरकारी, गैर सरकारी क्षेत्रबाट संचालित विकास आयोजनामा सम्बन्धित कार्यमा नगर क्षेत्रका अन्य व्यवसायी, निर्माण व्यवसायीहरुलाई भाडामा दिँदा ।

उ) नगरपालिका क्षेत्र बाहिर कञ्चनपुर जिल्लाभित्र संचालित विकास निर्माण सम्बन्धि कार्यका लागि विभिन्न निर्माण व्यवसायी, व्यक्ति, समूह समिति वा संस्थालाई भाडामा दिँदा ।

## **५.हेबी उपकरण संचालनका लागि जनशक्ति व्यवस्थाः**

क) प्रत्येक हेबी उपकरण संचालन गर्नका लागि एक जना चालक र सम्भव भए सम्म एक जना सहयोगीको व्यवस्था गरिनेछ ।

ख) हेबी उपकरणहरु चालक र सहयोगीको पारिश्रमिक तथा सुविधा कार्यपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ ।

ग) उपकरणहरु चालकको सेवा करारमा र सहयोगीको सेवा दैनिक कामको आधारमा भत्ताको व्यवस्था गरि लिइनेछ ।

घ) हेबी उपकरणहरु संचालनबाट प्राप्त आम्दानीको आधारमा नगर कार्यपालिकाको निर्णय बमोजिम थप प्रोत्साहनको व्यवस्था गर्न सकिनेछ ।

## **६. चालक र सहयोगीको सेवा सुविधा र पारिश्रमिकको व्यवस्था :**

क) प्रत्येक हेबी उपकरण संचालन गर्नका लागि एक जना चालक र एक जना सहयोगीको व्यवस्था गरिनेछ ।

ख) उपकरणहरु चालकको सेवा करारमा र सहयोगीको सेवा दैनिक कामको आधारमा भत्ताको व्यवस्था गरि लिइनेछ, सहयोगी को भत्ता प्रतिदिन अदक्ष श्रमिकको न्युनतम् ज्याला रकम बराबर हुनेछ ।

ग) आर्थिक बर्ष २०७९।०८० मा निजहरुको पारिश्रमिक नगरपालिकाको कोषबाट र अर्को आर्थिक बर्ष देखि हेबी उपकरण संचालनबाट भएको आमदानी बाटै भुक्तान गरिने छ ।

घ) ब्याकहोलोडर चालक र सहयोगि लाई प्रति घण्टा क्रमशः रु. १०० र रु. ५० दैनिक भत्ता तथा खाजा नास्ता खर्च उपलब्ध गराईने छ तर प्रति दिन चालकलाई बढीमा ६०० र सहयोगि लाई ३०० भन्दा बढी भत्ता रकम वा खाना, नास्ता खर्च उपलब्बध गराउन सकिने छैन ।

ङ) टिपर चालक र सहयोगि लाई प्रति ट्रिप क्रमशः रु. ७५ र रु. ४० दैनिक भत्ता तथा खाजा नास्ता खर्च उपलब्ध गराईने छ तर प्रति दिन चालकलाई बढीमा रु. ४५० र सहयोगि लाई रु. २४० भन्दा
बढी भत्ता रकम वा खाना, नास्ता खर्च उपलब्बध गराउन सकिने छैन ।

च) ट्याकटर चालक र सहयोगी लाई प्रति ट्रिप क्रमशः रु. ५० र रु. ३० दैनिक भत्ता तथा खाजा नास्ता खर्च उपलब्ध गराईने छ तर प्रति दिन चालकलाई बढीमा रु. ३०० र सहयोगि लाई रु. १८० भन्दा
बढी भत्ता रकम वा खाना, नास्ता खर्च उपलब्बध गराउन सकिने छैन ।

छ) उल्लेखित थप सुविधाहरु नगरपालिकाको आन्तरिक कार्य प्रयोजन बाहेक उपकरणहरु अन्यत्र भाडामा प्रयोग हुँदा मात्र उपलब्ध हुनेछ ।

**७. चालक र सहयोगीको दायित्व, जिम्मेवारी, काम, कर्तव्य र अधिकार :**

क) सम्बन्धित उपकरणकालागि कामको खोजि गर्ने र नगरपालिकालाई जानकारी दिने ।

ख) आफुले चलाउने उपकरणको संरक्षण, सम्बर्दन तथा सुरक्षाको लागि सधैं चनाखो रहने ।

ग) कार्यक्षेत्रमा काम गर्दा कामको परिमाण, समय, लागत, थप शुल्क आदि बारे यथार्थ विवरण राख्ने ।

घ) मेशिनलाई हानी नोक्सानी तथा क्षति पुग्ने गरि कुनै जोखिम काम नगर्ने यदि यस्तो अवस्था देखिएमा सो को यथार्थ वस्तुस्थिति बारे कार्यालय वा समितिलाई जानकारी गराउने ।

ङ) उपकरणहरुको नियमित रुपमा सरसफाई, सर्भिसिङ, मर्मत सम्भार गर्ने गराउने ।

च) कार्यस्थलमा उपकरणको संरक्षण तथा सुरक्षा गर्ने अथवा कार्य स्थलमा कुनै विवाद भई झडपहुने वा सुरक्षाको खतरा जस्तो स्थिति सृजनाहुने देखिएमा आफ्नो उपकरणलाई तुरुन्त सुरक्षित स्थानतिर लगि संचालन बन्द गर्नु पर्नेछ र नगरपालिकाको कार्यालयलाई तुरुन्त यथार्थ जानकारी गराउनु पर्ने छ ।

छ) सहयोगिले चालकको निर्देशन अनुसार उपकरण संचालन सम्बन्धि कार्य गर्ने ।

ज) नगरपालिका तथा समितिले तोकेको उपकरण सम्बन्धि अन्य काम गर्ने ।

## ८. हेबी उपकरणहरुको भाडा र दर निर्धारण:

१) नगरपालिकाको हेवी उपकरणहरुको भाडा दर प्रचलित बजार मुल्य भन्दा कम्तीमा **१०** प्रतिशत घटी हुनेछ अथवा प्रचलित बजार मुल्यलाई आधारमानी नगर कार्यपालिका बाट निर्धारण भए बमोजिम हुनेछ ।

२) भाडामा लिने ब्यक्तिले नगर कार्यपालिकाको कार्यालय देखी न्युनतम चलान खर्च रु. १०० अनिवार्य तिर्नु पर्ने र प्रति किलोमिटर रु. १०० का दरले एकोहोरो हेबी उपकरण चलान खर्च तिर्नु पर्नेछ , भाडामा लिएको र चलान खर्च तिरेको एकमुष्ट विल/रसिद उपलब्ध गराईने छ ।

## ९ . हेबी उपकरणहरु भाडामा दिदा अपाउनुपर्ने प्रक्रिया:

क) भाडामा लिन चाहने व्यक्ति, संघ, संस्था, उपभोक्ता समिति, फर्म तथा कम्पनीको प्रोपराईटरले नगर कार्यपालिका वा नगरपालिका बोर्डबाट स्वीकृत दररेट (चलन चल्तीको दर) अनुसार अग्रीम रुपमा रकम नगरपालिकामा नगदै जम्मा गरेको रसिद वा नगरपालिकाको नाममा नगदै वा शुक्लाफाटा नगरपालिकाले तोकिदिएको बैंकको खातामा तोकिए अनुसारको रकम जम्मा गरेको बैंक भौचर सहित अनुसूची-१ बमोजिमको ढाँचामा नगरकार्यपालिकाको कार्यालय समक्ष निवेदन दिनुपर्नेछ ।

ख) यसरी निवेदन प्राप्त हुन आएमा समितिको बैठक बसी ब्याकहोलोडर उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

ग) प्रयोगकर्ताले इन्धनको व्यवस्थापन आफैंले गर्नुपर्नेछ अथवा नगरपालिकाले प्रयोग कर्तालाई उपकरणहरु दिदाको बखत इन्धन ट्याङ्की भरि उपलब्ध गराउनेछ र प्रयोगकर्ताले फिर्ता बुझाउदा पनि इन्धन ट्याङ्की भरि फिर्ता बुझाउनु पर्नेछ , सो कुराको रेखदेख चालकले गर्नु पर्नेछ , इन्धन ट्याङ्की भर्न प्रयोगकर्ताले अनाकानी गरेमा प्रचलित कानून बमोजिम हुनेछ ।

घ) तोकिएको समयावधीको कार्य समय समाप्त भएपछिको थप समय काम गरेमा तोकिएको दरमा थप रकम समेत भुक्तानी गर्ने दायित्व उपयोगकर्ताको हुनेछ । भाडा रकमवाफतको रकम नगरपालिकाले कट्टी गर्नुपर्नेछ ।

ङ) धरौटी वाफत जम्मा भएको रकमले खामे भन्दा बढी समय वा बढी ट्रिप कार्य प्रकृया अगाडी बढाउन चालक बाध्य हुने छैन ।

च) कार्यालयमा आई वा कार्यालयका प्रतिनिधि वा राजश्व शाखा वा चालकलाई धरौटी वाफत थप रकम बुझाएमा कार्य सुचारु गर्न सकिनेछ। सो कुराको जानकारी कुनै पनि संचारको माध्यमबाट तुरुन्त कार्यालय प्रमुखलाई गराउनु पर्नेछ ।

छ) कार्यालयको अनुमती नलिई चालकले कार्य प्रकृया अगाडी बढाएमा चालकबाटै सरकारी बाँकी सरह असुल उपर गरी चालकलाई विभागीय कारवाही गरिनेछ ।

ज) उपकरणहरु भाडामा लिन चाहने व्यक्ति संस्था, फर्म, उपभोक्ता समिति, कम्पनी वा प्रोपराईटरले भाडामा लिँदा, भाडा शुक्लाफाँटा नगरकार्यपालिकाको कार्यालय वा उपकरण रहेकै स्थानबाट चलान दुरी गणना गरिनेछ।

झ) नगरपालिकाको कोषबाटै हुने विकास निर्माण कार्यको हकमा व्यक्ति, संस्था, फर्म कम्पनी, उपभोक्ता समितिले कार्य संचालन गर्दा नगरपालिकाले निजको बिलबाट कट्टा हुने गरी तोकिएको भाडादरमा उपकरणहरु उपलब्ध गराउन सक्नेछ। तर अग्रीम नगदै वा बैंक जम्मा गर्ने व्यक्ति फर्म, संस्था, कम्पनी, निर्माण व्यवसायी वा उपभोक्ता समितिलाई विशेष प्राथमिकता दिईनेछ ।

ञ) हेबी उपकरणहरु भाडामा लिने व्यक्ति फर्म, संस्था, कम्पनी, ठेकेदार, उपभोक्ता समितिले भाडामा लिने स्थान देखि नै इन्धन खर्च व्यहोर्नु पर्नेछ ।

ट) हेबी उपकरण भाडा सम्झौता अनुसूचि २ मा उल्लेख भए अनुसार हुनेछ ।

ठ) हेबी उपकरण संचालन भाडा रकम राजस्व शाखाले सवारी बहाल कर शिर्षकमा काट्नुपर्नेछ ।

ड) चालकले प्रत्येक घण्टाको लगबुक तयार गर्नु पर्नेछ । कार्य स्थलमा काम गर्दा बढी काम गरी कम काम देखाई वा तोकिएको भन्दा बढी काम गरी कुनै तरिकाले कुनै कर्मचारी तथा पदाधिकारी, व्यक्ति, संस्था, ठेकेदार वा उपभोक्ता समितिको यस निर्देशिकाको भावना र मर्म विपरीत हुने गरी प्रलोभन, मोलाहिजा, भनसुन तथा कसैको डर, धम्की धाकमा परी कसैलाई संचालन गर्न दिए हानी नोक्सानी भएको रकम चालकबाटै असुल उपर गरी उल्लेखित कार्यलाई गम्भिर अपराध मानी प्रचलित कानून बमोजिम निजलाई कारवाही गरिनेछ ।

ढ) उपकरणहरुको मितव्ययी तथा सुरक्षित रुपमा संचालन गर्नु चालकको कर्तब्य हुनेछ ।

ण) कार्य स्थलमा कुनै विवाद भई झडपहुने वा सुरक्षाको खतराहुने जस्तो स्थिति सृजनाहुने देखिएमा आफ्नो उपकरणलाई तुरुन्त सुरक्षित स्थान तिर लगि संचालन बन्द गर्नु पर्नेछ र नगरपालिकाको कार्यालयलाई तुरुन्त यथार्थ जानकारी गराउनु पर्नेछ ।

त) नगरपालिकाले आन्तरिक प्रायोजनमा प्रयोग गर्दा इन्धन उपलब्ध गराई समिति मार्फत परिचालन हुनेछ

थ) नगरपालिकाको हेबी उपकरणहरुको अनिवार्य रुपमा बिमा बनाउनु पर्नेछ ।

## **१०. हेबी उपकरण संचालन तथा व्यवस्थापन कोष**

नगरपालिकामा हेबी उपकरण संचालन तथा व्यवस्थापनको लागि कुनै अलगै कोष स्थापना नगरि यसै नगरपालिकाको राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।

## **११. हेबी उपकरण संचालन तथा व्यवस्थापन समितिको गठन**

यस नगरपालिकाको स्वामित्वमा रहेका हेबी उपकरणहरु संचालन र व्यवस्थापनका लागि देहाय बमोजिम एक संचालन तथा व्यवस्थापन समिति हुनेछ ।

क) नगर प्रमुखले तोकेको १ जना कार्यपालिका सदस्य　　संयोजक

ख) कम्तीमा १ जना महिला सहित २ जना जन प्रतिनिधि सदस्य

ग) प्राविधिक शाखा प्रमुख वा मेकानिकल इन्जिनियर सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

ङ) जिन्सी उप शाखा प्रमुख सचिव

## **१२. हेबी उपकरण संचालन तथा व्यवस्थापन समितिको सुविधा, काम, कर्तव्य र अधिकार**

क) भाडामा संचालन हुने हेबी उपकरणहरुको माथी उल्लेखित प्रावधानहरुको परिधि भित्र रही व्यक्ति, संस्था, निर्माण व्यवसायी, उपभोक्ता समितिहरुलाई भाडामा साधनलाई उपलब्ध गराउने ।

ख) साधनहरुको मर्मत सम्भार तथा पाटपुर्जा थप गर्नुपर्ने भए मेकानिकल इन्जिनियर बाट इस्टमेट गराई निर्णय गरी रकम समेत तोकी स्वीकृतिको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

ग) स्वीकृत भएको रकमले मात्र हेबी उपकरणहरु मर्मत सम्भार गराउनु पर्ने कुनै कारणबस सो रकमले मर्मत संभार गर्न अपुग हुने देखिएमा मेकानिकल इन्जिनियरबाट प्रमाणित गराई के कति रकम अपुग हुनेहो सो को सिफारिस गर्ने ।

घ) उक्त समितिको बैठक कम्तिमा महिनाको २ पटक अनिवार्य रुपमा बस्नु पर्नेछ । आवश्यकता अनुसार थप बैठकहरु बस्न सक्नेछन् । उक्त बैठकमा प्रत्येक उपकरण वा अन्य सवारी साधनहरुको समेत अवस्था, वस्तुस्थिति र आय व्यय समेतको समिक्षा गरी प्रमुख प्रशासकिय अधिकृतलाई जानकारी गराउने ।

ङ) बैठकको गणपुरक संख्या **५१** प्रतिशत हुनेछ । बहुमत सदस्यको निर्णय मान्य हुनेछ ।

च) बैठक बाफत कुनै भत्ता सुविधा उपलब्ध हुने छैन तर आर्थिक कार्यविधिको व्यवस्था अनुसार यातायात खर्च र खाजा खर्च पाउने रहेछ भने सो सुविधा उपलब्ध हुनेछ , महिनाको २ बैठक भन्दा बढीको सुविधा प्राप्त हुने छैन ।

छ) नगरपालिकाको आन्तरिक वा बाह्य प्रयोजनमा उपकरणहरु प्रयोगहुँदा खर्च भएको इन्धन, प्रयोग भएको समयावधि, ट्रिपको संख्या, आय व्यय, मर्मतमा भएको खर्च, मर्मतको पटक लगायतका हेबी उपकरण सम्बन्धि विभिन्न लगतहरु अध्यावधिक गर्ने र व्यवस्थित गर्ने ।

**१३ .निर्देशिकाको पालना :**

नगरपालिकाले यस निर्देशिकाको प्रावधानहरुको अतिरिक्त बजेट अख्तियारीमा तोकिएका शर्तहरु, नगरकार्यपालिका तथा नगर सभाबाट गरिएको निर्णयहरुको समेत पालना गर्नु गराउनु पर्नेछ ।

**१४. थपघट वा हेरफेर गर्न सक्ने :**

यस निर्देशिका कार्यान्वयनका शिलशिलामा कुनै बाधा अवरोध वा अस्पष्टता देखिएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगर कार्यपालिकाले यस निर्देशिकामा आवश्यकता अनुसार थपघट हेरफेर गर्न सक्नेछ ।

**१५. संसोधन, खारेजी र बचाऊ :**

क) यस निर्देशिकामा उल्लेखित कुराहरुमा छुट हुनगई कुनै थपघट वा हटाउन वा परिमार्जन गर्नु परेमा  सो कार्य कार्यपालिकाले गर्न सक्नेछ ।

ख) यस निर्देशिकामा उल्लेख गरिएका कुराहरुका हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएका कुराहरुका हकमा नगर कार्यपालिका तथा नगर सभाको निर्णय, निर्देशन वा आदेश वा अन्य प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

## अनुसूची - १

## निवेदन

मितिः ...............................

श्रीमान् प्रमुख प्रसाशकीय  अधिकृतज्यू ,

शुक्लाफाँटा नगरपालिका,
झलारी, कंचनपुर ।

बिषयः ...........................उपकरण उपलब्ध गराइपाउँ बारे ।

प्रस्तुत सम्बन्धमा सविनय निवेदन यस प्रकार छ कि मैले.......................................................................... कार्य गर्नकोलागि ....................................... उपकरणको आवश्यकता परेकोले .................... घण्टा/ट्रिप काम गर्ने गरि चलनचल्तीको आधारमा कार्यालयले तोकेको दररेट अनुसारको रकम तोकेको प्रक्रिया अनुसार तिर्ने गरि ............. घण्टा / ट्रिप कार्य गर्न ......................................................... उपकरण उपलब्ध गराइदिनहुन अनुरोध गर्दछु ।

निवेदकः

दस्तखतः ........

नामथरः ...........

ठेगानाः ............

मो.नं. .............

## अनुसूची - २
## सम्झौता पत्र

लिखितम् शुक्लाफाँटा नगरपालिका नगरकार्यपालिका कार्यलय, झलारी कंचनपुर ( यसपछी प्रथम पक्ष भनिने) र श्री ......................................................................................................................................................................................... (यस पछि दोस्रो पक्ष भनिने) बीच नगरपालिकाको

स्वामित्वमा रहेको ............................................... हेबी उपकरण भाडामा लिई ................................................................................ कार्य गर्न तपशिलका शर्तहरुको अधिनमा रही सम्झौता गरि लियौ दियौ ।

**शर्तहरुः**

१. प्रथम पक्षले स्वामित्वमा रहेको ............................................... ............... हेबी उपकरण भाडामा दिए वापत दोस्रो पक्षले प्रति घण्टा / प्रति ट्रिप रु. ................. ......... उपलब्ध गराउनेछ । टिप्पर संचालन गर्दा खपत हुने ईन्धन निर्देशिका अनुसार दोस्रो पक्षले नै व्यहोर्नु पर्नेछ ।

२. प्रचलित ऐन नियमानुसार लाग्ने सम्पूर्ण कर दोस्रो पक्षले भुक्तानी गर्दा कट्टी गरी मात्र भुक्तानी गर्नुपर्ने छ ।

३. उपकरण संचालन गर्न कार्यालयबाट हिड्नु अगाडी प्रति घण्टा/प्रति ट्रिपको चलनचल्तीको दरले हुनआउने रकमको पुरै रकम राजस्व शाखामा वा यस कार्यालयको राजस्व खातामा जम्मा गर्नु पर्ने छ ।

४. काम सम्पन्न भएपछि ड्राईभरले उपकरण संचालन भएको अवधि / ट्रीप प्रमाणित गरी प्रथम पक्षलाई दिनु पर्नेछ ।

५. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य संचालन नगरेमा प्रथम पक्षबाट अनुगमन गर्दा दोस्रो पक्षले माथी उल्लेखित सम्झौताका बुदाहरु वा हेबी उपकरण संचालन तथा व्यवस्थापन निर्देशिका २०७९ विपरित कार्यहरु गराईएको पाईमा प्रथम पक्षले सम्झौता रद्ध गरि उपलब्ध गराएको रकम सरकारी बाकी सरह मानी असुल उपर गरिने छ ।

६. सम्झौताका शर्तहरु बाहेक अन्य शर्तहरुको प्रचलित कानून तथा सार्वजनिक खरीद ऐन , २०६३ सार्वजनीक खरिद नियमावली २०६४ र यस नगरपालिकाको हेबी उपकरण संचालन तथा व्यवस्थापन निर्देशिका २०७९ बमोजिम हुनेछ ।

दोस्रोपक्ष तर्फबाट सहिछाप गर्ने :
कार्यालयको तर्फबाट (प्रथम पक्ष)
दस्तखत :
दस्तखत :
पदः
पद :

नाम थरः नाम

थरः

मो.नं.

रोहवरः

...........................

जिन्सी शाखाबाटः

इति सम्वत् २०...... साल ........................ .................... गते रोज ............ ।

**आज्ञाले,**

**टिकेन्द्रराज भट्ट**

**प्रमुख प्रशासकीय अधिकृत**